# कर्मचारी सञ्चय कोष
# Employees provident fund

(कर्मचारी संचय कोष ऐन अन्तर्गत स्थापित)

शाखा कार्यालय, बुटवल

☎ ०७१ ५५४५१८, ५५४५१९, ५५४५२०, ५५४५२१

पत्र संख्या :- ०८२/०८३

चलानी नं :- ६६

मिति: २०८२/०४/२८

श्री सम्पुर्ण नगरपालिका कार्यालयहरु,नवलपरासी(ब.सु.प)।

श्री सम्पुर्ण गाउँपालिका कार्यालयहरु,नवलपरासी(ब.सु.प)।

**विषय : सहजिकरण गरि दिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित कर्मचारी सञ्चय कोषले बिगत देखि नै निरन्तर रुपमा आफ्ना सञ्चयकर्ताहरुको लागि विभिन्न सुविधाहरु प्रदान गर्दै आइरहेको व्यहोरा अवगतनै छ । यसै सम्बन्धमा कोषले सञ्चयकर्तालाई सामाजिक सुरक्षा सुविधा लगायत धितोमा आधारित सापटी सुविधा अन्तर्गत **जग्गा खरीद सापटी, घर सापटी, घर मर्मत सापटी, शैक्षिक सापटी र सरल सापटी** प्रदान गर्दै आइरहेको छ । यस किसिमका सुविधाहरुको बारेमा कोषले अन्तरकिया लगायत विविध कार्यक्रम मार्फत् जानकारी गराउँदै आएको भएतापनि पर्याप्त सूचना तथा जानकारीको अभावमा सञ्चयकर्ताहरुले कोषले प्रदान गरेका सुविधा उपभोग गर्ने अवसर बाट बञ्चित हुन नपरोस भन्ने आसयले त्यस नगरपालिका/गाउपालिका अन्तर्गतका सबै सञ्चयकर्ता कर्मचारीहरु तथा त्यस नगरपालिका/गाउपालिकामा बसोवास गर्ने अन्य सञ्चयकर्ता कर्मचारीहरुसम्म समेत धितोमा आधारित सापटी सुविधाको जानकारी पुग्ने गरि सहजिकरण गरिदिनुहुनको लागि अनुरोध गर्दछौं ।

माथि उल्लेखित शिर्षकका सापटी सुविधा प्रवाहको लागि धितो जोखिमको अवस्था हेरी कर्मचारी सञ्चय कोष शाखा कार्यालय, बुटवलका धितो स्वीकार्य क्षेत्रहरु यसै पत्रसाथ संलग्न गरी पठाईएको व्यहोरा अवगत गर्दछौं र साथै यस बाहेकका अन्य क्षेत्रहरुलाई पनि धितो स्वीकार्य क्षेत्रको रुपमा संलग्न गर्न आवश्यक भएमा सोको जानकारी समेत उपलब्ध गराइ दिनु हुन समेत अनुरोध गर्दछौं ।

( केशप कुमार बुढाथोकी )

कार्यालय प्रमुख

सम्पर्क न.०७१-५५४५२०,९८५१२२८९६१

mail add: butwal@epf.org.np

श्री प्रशासन / IT

आवश्यक कार्यार्थ

२०८२/०५/०१

संलग्न विवरण:

कर्मचारी सञ्चय कोष शाखा कार्यालय,बुटवलको कार्यक्षेत्र अन्तर्गत धितोमा लिन सकिने क्षेत्रहरु ।

सरावल गाउँ कार्यपालिकाको कार्यालय

दर्ता नं.: ७९३

मिति: २०८२/०५/०१

हस्ताक्षर:

अनुसूची - ६
(विनियम ११ को (२) सँग सम्बन्धित)

## कर्मचारी सञ्चय कोष

### विनियम ३ को उपविनियम (१) को (ख) अनुरुपका जग्गा/घरजग्गाको धितोमा आधारित सापटी प्रवाह प्रयोजनको लागि धितो लिन सकिने क्षेत्रहरु :

(२८) रुपन्देही जिल्ला

(क) बुटवल उप-महानगरपालिका अन्तर्गत मोटरबाटो रहेका सम्पूर्ण वडाका क्षेत्र,

(ख) पूर्व-पश्चिम लोकमार्गको सैनामैना नगरपालिका अन्तर्गत बनकट्टा देखि सालझण्डी बजारसम्म उत्तररदक्षिण दुवैतर्फ १.५ किलोमिटरसम्मको क्षेत्र ।

(ग) सालझण्डी बजारदेखि अर्घाखाँची जाने ढोरपाटन सडकको फुलबारी चोकसम्म दायाँबायाँ २०० मिटरको क्षेत्र ।

(घ) तामनगर-फर्साटिकर सडकखण्डको दायाँबाँया २०० मिटर सम्मको क्षेत्र,

(ङ) फर्साटिकर बजार क्षेत्र पूर्वतर्फ मैनिहवा, दक्षिण पश्चिमतर्फ शुद्धोधन गाँउपालिकाको कार्यालय सम्मको क्षेत्र,

(च) देवदह नगरपालिका अन्तर्गत पूर्व-पश्चिम लोकमार्गको उत्तर-दक्षिण दुवैतर्फ १.५ किलोमिटरसम्मको क्षेत्र।

(छ) सिद्धार्थ लोकमार्गको बुटवल-भैरहवा सडक खण्ड अन्तर्गत तिलोत्तमा नगरपालिकामा पूर्वतर्फ ५ किलोमिटर, ओमसतिया गाउँपालिकामा पूर्वतर्फ ३ किलोमिटर तथा दुवै पालिकामा पश्चिमतर्फ २ किलोमिटर सम्मको क्षेत्र ।

(ज) सिद्धार्थनगर नगरपालिका अन्तर्गत मोटरबाटो रहेका सम्पूर्ण क्षेत्र ।

(झ) बेलवास बेथरी सडक शुद्धोधन गा.पा. अन्तर्गत बुटवल उपमहानगरपालिकाको सिमानादेखी सियारि गा.पा. को सिमानासम्म पुर्वतर्फ तिनाउ नदिको मापदण्ड बाहेकको क्षेत्र र पश्चिमतर्फ १.५ कि.मि. सम्मको क्षेत्र ।

(ञ) बेलवास बेथरी सडक सियारी गा.पा. अन्तर्गत शुद्धोधन गा.पा. को सिमाना देखी जनता मा. वि. अमुवासम्म पुर्वतर्फ तिनाउ नदिको मापदण्ड बाहेकको क्षेत्र र पश्चिमतर्फ १.५ कि.मि. सम्मको क्षेत्र ।

(२९) नवलपरासी (पूर्व) जिल्ला

(२९.१) कावासोती नगरपालिका :

(क) पूर्व-पश्चिम लोकमार्गको दायाँबायाँ १.५ किलोमिटर सम्मको क्षेत्र ।

(२९.२) देवचुली नगरपालिका :

(क) पूर्व-पश्चिम लोकमार्गको दायाँबायाँ १.५ किलोमिटर सम्मको क्षेत्र ।

(२९.३) गैडाकोट नगरपालिका :

(क) पूर्व– पश्चिम लोकमार्गको दायाँबायाँ १.५ किलोमिटर सम्मको क्षेत्र ।

(३०) नवलपरासी (पश्चिम) जिल्ला

(३०.१) सुनवल नगरपालिका :

(क) सुनवल नगरपालिका देखि बर्दघाट नगरपालिकाको बर्दघाटसम्म पुर्व-पश्चिम लोकमार्गको दायाँबायाँ १.५ किलोमिटरसम्मको क्षेत्र ।

(३०.२) बर्दघाट नगरपालिका :

(क) नगरपालिकाको बर्दघाट चोक देखि त्रिवेणी जाने बाटोको ज्यामिरेभार दुर्गा मन्दिरसम्म ४ किलो मिटर दाँया बाँया २०० मिटर सम्मका क्षेत्र,

(३०.३) रामग्राम (परासी) नगरपालिका:

(क) नगरपालिकाको देहायका क्षेत्र :

(अ) पूर्व तर्फ बजार क्षेत्रलाई जोड्ने हुलाकी मार्गको पुल सम्मका क्षे त्र,

(आ) पश्चिम तर्फ बजार क्षेत्रलाई जोड्ने हुलाकी मार्गसग जोडिएको पक्की पुलसम्मका क्षेत्र,

(इ) उत्तर तर्फ बजारको उत्तर तर्फ रहेको खानेपानी टंकी सम्मका क्षेत्र,

(ई) दक्षिण तर्फ महेशपुर तर्फ जाने चोक र सो चोक भित्रको बजार क्षेत्र र हुलाकी मार्गको बाहिरी तर्फको २०० मिटर सम्मका क्षेत्र ।

(३०.४) सुनवल – परासी सडक खण्डको दाँया बाँया ५०० मिटर सम्मका क्षेत्र,

(३०.५) भूमही – परासी सडक खण्डको दाँया बाँया ३०० मिटर सम्मका क्षेत्र,

(३१) कपिलवस्तु जिल्ला

(३१.१) बाणगंगा नगरपालिका :

(क) पूर्व-पश्चिम राजमार्गको पिपरा चोक देखि सिद्धार्थ बहुमुखी क्याम्पस सम्म दाँया बाँया १.५ किलो मिटर सम्मका क्षेत्र,

(ख) पुर्व-पश्चिम लोकमार्गको बोडगाउँ चोकदेखि कोईली बनगाईसम्म लोकमार्गको दायाँबायाँ १.५ किलोमिटरसम्मको क्षेत्र ।

(ग) जीतपुर ४ नं. चोक देखि तौलिहवा जाने बाटोको ओदारी बजारसम्म दाँया बाँया २०० मिटर सम्मका क्षेत्र ।

(३१.२) बुद्धभूमि नगरपालिका :

(क) पूर्व-पश्चिम लोकमार्गको गोरुसिंहे बजार, बुड्ढी चौराह क्षेत्रदेखि लोकमार्गको दायाँबायाँ १.५ किलोमिटरसम्मको क्षेत्र ।

(ख) नगरपालिका अन्तर्गत पूर्वपश्चिम लोकमार्गको डुमरा बजारक्षेत्र, ईमिलिया बजार, बुद्धभूमिचोक, चम्पापूर क्षेत्र अन्तर्गत लोकमार्गको दाँयाबाँया १ किलोमिटरसम्मको क्षेत्र ।

(३१.३) शिवराज नगरपालिका :

(क) पूर्व-पश्चिम लोकमार्गको चन्द्रौटा बजार क्षेत्र र खरेन्द्रपुर बजार क्षेत्रमा लोकमार्गको दायाँबायाँ १ किलोमिटरसम्मको क्षेत्र ।

(ख) शिवपुर बजार क्षेत्रमा १ नं वडा कार्यालयसम्म पूर्वपश्चिम लोकमार्गको दायाँबायाँ १ किलोमिटरसम्मको क्षेत्र ।

(३१.४) कपिलवस्तु नगरपालिका :

(क) भिक्षु चोक देखि नयाँ टोल चोकसम्म सडक खण्डको पूर्व तर्फ ५०० मिटर र पश्चिम तर्फ १०० मिटर सम्मका क्षेत्र,

(ख) नयाँ टोल चोक देखि जिल्ला प्रशासन कार्यालय तथा नगरपालिकाको कार्यालय हुँदै लुम्बिनी जाने बाटोको जमुवार पुलसम्म दाँया बाँया १०० मिटर सम्मका क्षेत्र ।

(३२) पाल्पा जिल्ला

(३२.१) तानसेन नगरपालिका :

(क) नगरपालिका अन्तर्गत सिद्धार्थ राजमार्ग बासटाँरी देखि प्रभास बजार क्षेत्र राजमार्गको दाँया बाँया ५०० मिटर सम्मका क्षेत्र,

(ख) नगरपालिका अन्तर्गत सिद्धार्थ राजमागको बर्तुङ बजार चोक देखि तानसेन बजार जाने काजिपौवा तानसेन बहुमुखी क्याम्पस आसपासका क्षेत्र,

(ग) नगरपालिका अन्तर्गत पूर्व तर्फ आन्दोलन चोक देखि मिसन हस्पिटल जाने बाटोको दायाँ तर्फ १०० मिटर बायाँतर्फ ५०० मिटर सम्मका क्षेत्र,

(घ) नगरपालिका अन्तर्गत आन्दोलन चोक उतर तर्फ तानसेन बजार हुदै लाईन्स अस्पतालको सडक हुदै खानेपानी ट्यांकि सम्मका क्षेत्र,

(ङ) नगरपालिका अन्तर्गत आन्दोलन चोक पश्चिम तर्फ घुम्टी चोक बसन्तपुर कैलाशनगर सम्मका क्षेत्र ।